

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ ३ गते मंगलबार ❑ 17 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## विमान दुर्घटनामा भेटिएका शवको पोष्टमार्टम गर्न सुरु, ३ को खोजी कार्य जारी

**पोखरापत्र संवाददाता**

**पोखरा, २ माघ**

पोखरामा आइतबार यति एयरलायन्सको विमान दुर्घटना हुँदा भेटिएकाको शवको पोष्टमार्टम गर्न सुरु गरिएको छ।

उक्त विमान दुर्घटनामा परी हालसम्म पहिचान भएका ६९ वटा शव मध्य पोखरामै करिब २४ जनाको पोष्टमार्टम गर्न सुरु गरिएको कास्कीका प्रमुख जिल्ला अधिकारी टेक बहादुर केसीले बताए।



बिमान दुर्घटनाको बिषयमा केन्द्रको टोली सहित धेरै डकुमेन्टहरु तयार गरी मुचुल्का गर्नुपर्ने हुदाँ सोमबार दिउँसो करिब ४:०० बजेदेखि पोष्टमार्टम गर्न सुरु भएको उनले बताए। विमानमा सवार ७२ मध्य मंगलबार साँझसम्म ६९ जनाको शव भेटिएको प्रजिअ केसीले बताए । विमान दुर्घटनामा परी शवको पहिचान खुलेका पत्रकार त्रिभुवन पौडेल, निशान आचार्य, ओममाया गुरुङ, यस्मिन गुरुङ, पुजन राना, अरुण पौडेल, प्रसिद्धी पौडेलको पोखरामै पोष्टमार्टम हुने भएको छ। त्यसैगरी जीवनकला गुरुङ र पूर्णबहादुर गुरुङ, संगीता शाही, सदाकत अलि मिया, लक्ष्मी पौडेल, गायीका निरा छन्त्याल, विजयकुमार गुरुङ, रक्की गुरुङ, शालिकराम आचार्य, डा.गणेश थापा, मोहनप्रकाश श्रेष्ठ, सीता गुरुङ, जमुना शर्मा, बन्दना सुनार, सर्बिन श्रेष्ठ, अनुषा गुरुङ र शिवकुमार गुरुङको पोखरामै पोष्टमार्टम हुने भएको अस्पताल स्रोतले जनाएको छ। बाँकी पहिचान नखुलेका ४५ जनाको भने काठमाडौं लगिने भएको छ। सोमबार एक जनाको शव भेटिएको हो भने बाँकी ३ जनाको शव खोजि कार्य जारी रहेको प्रशासनले जनाएको छ।

काठमाडौंको टिचिङ हस्पिटलका डा.गोपाल कुमार चौधरीको नेतृत्वमा पोष्टमार्टम गर्न सुरु गरिएको हो। भेटिएकाको शव उनका आफन्तहरुसँगको सोधपुछ र केही प्रमाण परिचयपत्र लगायतको बिषयमा पहिचान गरिएको प्रजिअ केसीले बताए। प्रतिकुल मौसमका कारण पोष्ट माटम गर्ने मध्यको दुई सदस्य काठमाडौंबाट हेलिकोप्टर मार्फत पोखरा आउन केही ढिला भएको कारण सोमबार पोष्टमार्टम गर्न केही ढिलो भएको उनले जनाए। सरकारले पोष्टमार्टम राष्ट्रिय शव परिक्षण समिति हालै गठन गरेको हो।

सोमबार पहिचान भएकाको शव पोष्टमार्टम पश्चात उनका आफन्तलाई बुझाउने पूर्व सूचना दिएका कारण मृतकका आफन्त तथा शुभेच्छुकहरु विहानै देखि पोखराको पश्चिमाञ्चल क्षेत्रिय अस्पताल (पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान) मा ठुलो संख्यामा सहभागी भएका थिए । पोष्टमार्टम गर्न ढिलो हुदा मृतकका आफन्तले छिटो पोष्टमाटम गरी शव बुझाउन माग गरेका थिए भने वेपत्ताको खोजि कार्यलाई थप प्रभावकारी बनाउन आग्रह गरेका थिए।

मृतकका आफन्तले राम्रोसंग पहिचान गरेकाको शव पोखरामा पोष्टमार्टम गरेसंगै उनका आफन्तलाई बुझाउने व्यबस्था मिलाएको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा. भरत खत्रिले बताए । पोखरामा पहिचान हुन नसकेकाको र विदेशीहरुको शवको भने मंगलबार काठमाडौं लगिने तयारी गरिएको उनले जनाए।

यसैबिच यति एयरलायन्सको बाहेक अन्य विभिन्न कम्पनीको पोखराबाट हवाई उडान नियमित भएको पोखरा विमानस्थलका प्रमुख बिक्रम गौतमले बताए । मंगलबारदेखि यति एयरलायन्सको नियमित हवाई उडान हुने भएको यति एयरलायन्स पोखराका स्टेशन म्यानेजर राम लामिछानेले बताए। विदेशी नागरिक, चालक दलका सदस्य र पहिचान हुन नसकेका शवहरु हेलिकोप्टर मार्फत काठमाडौं लगिने भएको उनले जनाए। यति एयरलायन्सको विमान दुर्घटनामा परी आफ्ना आफन्तको शव व्यबस्थापनमा केही समस्या भएमा पोखराका स्टेशन म्यानेजर लामिछानेलाई सम्पर्क गर्न कम्पनीले सूचना समेत जारी गरेको छ।

**ब्ल्याक वक्स भेटियो**

आइतबार दुर्घटना भएको यति एयरलायन्सको ब्ल्याक वक्स समेत भेटिएको छ। विमान दुर्घटना भएको दोश्रो दिनमा दुर्घटना स्थल सेतीखोचमा भेटिएको प्रहरीले जनाएको छ । विमान दुर्घटना हुनुको केही कारणहरु भने ब्ल्याक वक्सको सहायताले पत्ता लगायन सहज हुने भएको छ । फ्लाइट राइड रेकर्ड र ककपिट भ्वाईस रेकर्ड रहने उक्त ब्ल्याक वक्स दुर्घटना जाँच आयोगलाई बुझाउने भएको छ।

**पत्रकार पौडेलको मंगलबार शव यात्रा गरिने**

नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य, प्रेस सेन्टर नेपालका केन्द्रिय उपाध्यक्ष त्रिभुवनको मंगलबार पोखरामा शव यात्रा गरिने भएको छ। पर्वत घर भएका ३६ वर्षीय पत्रकार पौडेलको निवासमा बिहान त्यस पश्चात नेपाल पत्रकार महासंघमा श्रद्धान्जली सभा सहित शव यात्रा गरिने भएको महासंघ कास्कीका कोषाध्यक्ष कृष्णप्रसाद दवाडीले बताए।

सोमबार नै शव यात्रा सहित पत्रकार पौडेलको श्रद्धान्जली सभा गर्ने तयारी गरे पनि पोष्टमाटम गर्न ढिलो भएका कारण मंगलबार हुने भएको उनले जनाए । आइतबार विहान १० :३२ बजे काठमाडौंबाट पोखरा उडेको यति एयरलायन्सको ९ एन ए एन सी, एटीआर –७२ ५०० नम्बरको विमान पोखरा १५ स्थित नयाँगाउँको सेती नदीको खौँचमा दुर्घटना भएको थियो।

## गण्डकीको उपसभामुख एमालेकी थापा निर्वाचित

**पोखरापत्र संवाददाता**

**पोखरा, २ माघ**

गण्डकी प्रदेश सभाको उप सभामुखमा नेकपा एमालेकी विनाकुमारी थापा निर्वाचित भएकी छिन्।

सोमबार बसेको प्रदेश सभा बैठकले थापालाई उप सभामुखमा चयन गरेको प्रदेश सभा सचिवालयले जनाएको छ।

उपसभामुख चयनका लागि भएको मत विभाजनमा थापाको पक्षमा ३२ सांसदले मत जाहेर गरेका थिए । एमालेका २२, माओवादीका ७, राप्रपाका २ र १ स्वतन्त्र सांसदले उनलाई मत जाहेर गरेका हुन् । थापाले सो मत प्राप्त गरेपछि उनी निर्वाचित भएको घोषणा सभामुख कृष्ण धितालले गरेका थिए। निर्वाचित



उपसभामुख थापाले सोमबारै प्रदेश प्रमुख पृथ्वीमान गुरुङबाट पद तथा गोपनीयताको शपथ लिएकी छन् । बाग्लुङकी ४९ वर्षीया थापा समानुपातिक कोटाबाट सांसदमा चयन भएकी हुन् । यसअघि बैठकमा थापालाई उपसभामुखमा चयन गरियोस भन्दै एमालेका सांसद गोविन्दबहादुर नेपालीले प्रस्ताव र माओवादीकी सांसद सुशीला सिम्खडाले समर्थन गरीन्।

यता नेपाली काग्रेसको तर्फबाट लमजुङकी पार्वती तामाङलाई उपसभामुखमा निर्वाचित गरियोस भन्दै नन्दप्रसाद न्यौपानेले प्रस्ताव र दोणकुमार कुँवरले समर्थन गरेका थिए। काग्रेसकी तमाङको पक्षमा २६ मत परेको थियो। ६० सदस्य गण्डकी प्रदेश सभामा बहुमतको लागि ३१ मत आवश्यक हुन्छ।

एमाले नेतृत्वमा बनेको सत्ता गठबन्धनले गण्डकीमा मुख्यमन्त्री र उपसभामुख एमाले र सभामुख माओवादीले पाउने सहमती भएको थियो । पुष ३० मा माओवादीका कृष्ण धिताल सत्ता गठबन्धनका तर्फबाट सभामुखमा निर्वाचित भएका थिए।

## पोखरामा पहिचान नभएका शव काठमाडौँ लगिने

**पोखरापत्र संवाददाता**

**पोखरा, २ माघ**

पोखरामा आइतबार यती एयरलाइन्सको विमान दुर्घटनामा निधन भई पहिचान हुन नसकेका, विदेशी नागरिक र चालकदलका सदस्यको शव मंगलबार हेलिकप्टरबाट काठमाठौँ लगिने भएको छ।

दुर्घटनामा परेकामध्ये हालसम्म ७० जनाको शव फेला परेकामा पहिचान भएको २४ जनाको शव पोखरामा परीक्षण गरिने र बाँकीको नेपाली सेनाको हेलिकप्टरबाट मंगलबार बिहान ८ बजे काठमाडौँस्थित त्रिवि शिक्षण अस्पतालमा थप परीक्षणका लागि लगिने कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले जानकारी दिनुभयो । उहाँका अनुसार आफन्तबाट पहिचान भएका शवहरु पोखरामा नै शवपरीक्षण गरी परिवारलाई हस्तान्तरण गरिने छ।

पहिचान हुन नसकेका शवको हवाई दुर्घटनाको अन्तर्राष्ट्रिय प्रोटोकलअनुसार मृतकको शरीरको भिसेरा र डिएनए परीक्षण लगायतका अन्य आवश्यक प्रक्रिया पूरा गरेर मात्र हस्तान्तरण गर्न सकिने राय काठमाडौँबाट आउनुभएका फरेन्सिक विभागका चिकित्सकहरुले दिनुभएको थियो। शव राजधानी लैजान सोमबार नै सेनाको हेलिकप्टर पोखरा आए पनि प्रक्रिया पूरा नहुँदा रोकिएको थियो। दुर्घटनामा परेको विमानको ककपिट भ्वाइस रेकर्डर र फ्लाइट डाटा रेकर्डर सुरक्षित रुपमा प्राप्त भएकाले सशस्त्र प्रहरीमार्फत नागरिक उड्डयन प्राधिकरणलाई हस्तान्तरण गरिएको छ।

## देश नै शोकमा छ मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**

**पोखरा, २ माघ**

माघ १ मा पोखरामा भएको यती एयरको विमान दुर्घटनाले देश नै शोकमा डुवेको गण्डकी प्रदेशका मन्त्री पञ्चराम गुरुङले बताएका छन्।

राष्ट्रिय प्रजातन्त्र पार्टी पोखरा महानगर समितिले पोखराको पृथ्वीचोकमा आयोजना गरेको दिप प्रज्वलन कार्यक्रममा बोल्दै दुखद घटना भएको बताए। यस्ता दुर्घटना न्युनिकरण गर्नको लागि राज्यले अवास्यक पहल गर्नुपर्ने गुरुङको भनाइ छ। माघ १ गते कालो दिन भएको बताउदै मन्त्री देश नै आँसुमा डुवेको बताए । पोखरा १५ मा विमान दुर्घटनामा चालक दल सहित ७२ जना परेका थिए। ति मध्य ६९ जनाको शव भेटिएको छ । तिन जनाको खोजी कार्य भैरहेको छ।

## पोखरा विमान दुर्घटना : आफन्तलाई शव बुझाउन सुरु

**पोखरापत्र संवाददाता**

**पोखरा, २ माघ**

आइतबार पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटनामा परी निधन भएकाको शव आफन्तलाई बुझाउन थालिएको छ । सोमबार साँझ पोखरा-१३ का सदाकत अलि मियाँको शव परिवारले बुझेका हुन्।

पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा सोमबार साँझदेखि मात्र शव परीक्षण सुरु गरिएको थियो । बाँकी शवको परीक्षण भइरहेकाले मङ्गलबार बिहान आफन्तलाई हस्तान्तरण गरिने अस्पताल प्रशासनले जनाएको छ । दुर्घटनामा हालसम्म फेला परेका ७० शवमध्ये २४ जनाको मात्र पोखरामा परीक्षण हुने अस्पतालको भनाइ छ। विदेशी नागरिक, पहिचान नखुलेका र चालक दलका सदस्यको शव काठमाडौँस्थित शिक्षण अस्पतालमा शव परीक्षण हुनेछ । ती शवलाई हेलिकप्टरमार्फत मङ्गलबार काठमाडौँ लैजाने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता ज्ञानबहादुर खड्काले जानकारी दिनुभयो। पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा शव परीक्षणका लागि काठमाडौँदेखि आएका फरेन्सिक विज्ञसहितको टोली खटिएको छ। शव बुझ्न अस्पताल परिसरमा बिहानैदेखि मृतकका आफन्त जम्मा भएका थिए । शव हस्तान्तरणमा अस्पतालले ढिलाइ गरेको भन्दै कतिपयले गुनासोसमेत गरिरहेका थिए। शव परीक्षणको प्रक्रियाले समय लिएपछि परिवारले बेलैमा शव बुझ्न नपाएका हुन्।

पोखराको सेती खोँचमा भएको सो विमान दुर्घटनमा परी ज्यान गुमाएका ७० जनाको शव फेला परेको छ। विमानमा सवार बाँकी दुई यात्रुको अवस्था भने अझै अज्ञात छ । बेपत्ताको खोजीकार्य जारी रहेको जनाइएको छ।

## 'पोखराको विमान दुर्घटनाले नेपालको हवाई र पर्यटन क्षेत्रमा ठूलो धक्का'

**रासस**

**काठमाडौं, २ माघ**

नेपालका पर्वतीय पर्यटनको छाता संस्था ट्रेकिङ एजेन्सीज् एशोसिएशन अफ नेपाल (टान)ले देशको पर्यटकीय राजधानी पोखरामा भएको विमान दुर्घटनाले नेपालको हवाई र पर्यटन क्षेत्रलाई ठूलो धक्का लागेको बताएको छ।

टानका महासचिव विनोद सापकोटाले एक विज्ञप्ति जारी गरी माघ १ गते आइतबार बिहान १०:३२ बजे काठमाडौँदेखि पोखराका लागि उडेको यती एयरलाइन्सको नाइन एन-एएनसी-एटिआर-७२ ५०० विमान पोखरा विमानस्थलमा अवतरणका क्रममा भएको दुर्घटनाले नेपालको हवाई र पर्यटन क्षेत्रलाई ठूलो धक्का लागेको बताउनुभयो। "कोरोना भाइरसको महामारीबाट भर्खरै तङ्ग्रिँदै गरेको नेपालको पर्यटन क्षेत्रमा हवाई दुर्घटनाले अपूरणीय क्षति पुगेको छ", टानद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

भर्खरै मात्र नयाँ विमानस्थलको निर्माण सम्पन्न भई उडान शुभारम्भ भएको र पर्यटकीय राजधानीको रुपमा रहेको पोखरामै भएको दुर्घटनाले नेपालको हवाई क्षेत्रमा मात्र नभइ देशको समग्र पर्यटन क्षेत्रमा नै ठूलो धक्का लागेको महासचिव सापकोटाले बताउनुभयो।

टानका अध्यक्ष निलहरि बाँस्तोलाले नेपाली आकाश र नेपालको हवाई क्षेत्र सुरक्षित राख्न राज्यले महत्वपूर्ण कदम चाल्ने बताउनुभयो । आगामी दिनमा यस्ता दुर्घटना कसरी कम गर्न सकिन्छ भन्नेबारे राज्यको जिम्मेवार निकायले गहनरुपले सोचेर कदम चाल्ने उहाँको भनाइ थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# बल्ल मन्त्रालयमा भागबन्डा

प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डले सपथग्रहण गरेको तीन हप्ता देखि १८ मन्त्रालयको बोझ थाम्दै आएका छन । प्रधानमन्त्रीसँगै सपथ खाएका एमाले र जनमत पार्टीका चार मन्त्रीले जिम्मेवारी पाएका छैनन् । मन्त्रीले जिम्मेवारी नपाउँदा हाई काडेर दिन विताएका छन । प्रधानमन्त्री भएभरका मन्त्रालयको भारीले थिचिएका छन । थिचिनुको कारण सत्ता गठबन्धनका दलहरूबीच मन्त्रालय टुंगोमा नपुगेका कारणले हो । धेरै छलफल र परामर्श पछि सत्ता गठबन्धनमा मन्त्रालयको भागबण्डा टुंगिएको छ ।

सोमबार अबेरसम्म बसेको सत्ता साझेदार दलको बैठकले मन्त्रालयको भागबण्डा टुंग्याएको गृहमन्त्री रवि लामिछानेले जानकारी दिएका छन । भागबण्डा टुंगिएसँगै मंगलबार मन्त्रिपरिषद् विस्तार गर्ने तयारी भएको छ । सहमतिअनुसार दलहरु चले मन्त्रीहरुको शपथ दिउँसो १ बजेका लागि तय भएको छ । कुन कुन पार्टीले कुन कुन मन्त्रालयको जिम्मेवारी लिने भन्ने कुरामा तय भएको छ तर सार्वजनिक गरिएको छैन । अब को को मन्त्री हुने भनेर भोलि सार्वजनिक गर्ने समझदारी छ ।' यद्यपि मन्त्रालयको बाँडफाँड भने सबै टुंगिएको छ । सत्ता साझेदार दलमा भएको सहमतिअनुसार मंगलबार बिहान आ-आफ्नो पार्टीमा छलफल गरिने छ ।

गठबन्धनमा दलहरूबीच सांसद संख्या भन्दा घुर्की लगाएर बढी मन्त्री बनाउने होड छ । सत्ता साझेदार दलका शीर्ष नेताहरुको बैठकमा दलहरुले आ आफ्ना अडान लिँदा छलफल लम्बिएको थियो । बैठकमा सहभागी एक नेताका अनुसार गठबन्धनको सबैभन्दा ठूलो दल एमालेले ८ वटा मन्त्रालय पाउने भएको छ । त्यस्तै माओवादी केन्द्रले प्रधानमन्त्रीबाहेक ४ वटा मन्त्री र एक राज्यमन्त्री पाउनेछ । छ भने राप्रपाले ३ मन्त्री र एक राज्यमन्त्री पाएको छ । त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीले पनि ३ मन्त्री र एक राज्यमन्त्री पाउनेछ भने जनमत पार्टीले एक मन्त्री पाउने सहमति भएको छ ।

अहिलेको सत्ता गठबन्धन कांग्रेसको एकलौटी विरुद्ध बनेको छ । मंगलबार मन्त्रिपरिषद् विस्तार गर्ने र १ बजे सपथ हुने तय भएको छ । उच्चस्तरीय राजनीतिक संयन्त्रको सोमबार बसेको बैठकले मन्त्रालय भागवण्डा टुंगो लगाएको छ । त्यसअघि प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहउपप्रधान तथा गृहमन्त्री रवि लामिछानले भने, 'यहाँ भएको सहमतिबारे आ-आफ्नो पार्टीमा छलरफल हुनेछ । एक बजे भन्दा अगाडि परिर्वतन पनि हुनसक्छ ।' सल्लाहमा कुनै मन्त्रालय हेरफेर भएपनि सपथ भने १ बजेका लागि तय भएको छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# बागलुङका स्थानीय तहमा छैनन् दमकल

**पोखरापत्र संवाददाता**
**गलकोट, २ माघ**

आगलागीका घटनामा अत्यावश्यक रहेको दमकल बागलुङका दश पालिकामध्ये नौ पालिकामा छैनन् । बागलुङका नौं स्थानीय तह दमकलविहीन हुँदा आगलागीका घटनामा ठूलो धनजनको क्षति पुग्दै आउँदासमेत दमकल खरिदमा यहाँका पालिकाले चासो दिन सकेका छैनन् ।

दमकल अभावमा आगलागीका घटनामा ठूलो जनधनको क्षति हुँदासमेत बागलुङ नगरपालिका बाहेकका अन्य नगरपालिका र गाउँपालिकाले दमकलको आवश्यकता हालसम्म नदेख्नु दुखद् रहेको छ । बागलुङ बजारपछिको दोस्रो व्यापारिक केन्द्र बुर्तिवाङ, विकासोन्मुख सहर गलकोट र कुश्सिेरा बजारमा समेत दमकलको पहुँच पुग्नसकेको छैन । गलकोट नगरपालिका, ढोरपाटन नगरपालिका, जैमिनी नगरपालिका, काठेखोला गाउँपालिका, ताराखोला गाउँपालिका, निसिखोला गाउँपालिका, तमानखोला गाउँपालिका, बढिगाड गाउँपालिका र बरेङ गाउँपालिकामा दमकल छैनन् । दमकल अत्यावश्यक भए पनि हालसम्म खरिद गर्न नसकिएको गलकोटका नगर प्रमुख भरत शर्मा गैरेले बताउनुभयो । "दमकल अत्यावश्यक छ, गलकोटमा सहर विस्तारको कार्य भइरहँदा जोखिम बढी भएको छ, तर पालिकासँग दमकल खरिद गर्ने र व्यवस्थापन गर्न सक्ने क्षमता छैन, राज्यले दमकल खरिदमा अनुदानसमेत दिएको छैन", उहाँले भन्नुभयो, "विपद्जन्य आगलागीका घटना निवारणका लागि नगरपालिकाले सचेतना गर्ने, तत्कालै पानी ल्याउन सक्ने स्थानको व्यवस्थापन भने गरेको छ, आफ्नै दमकल खरिद गरेर चलाउने पालिकाको सामर्थ्य छैन ।" आगलागी नियन्त्रणका लागि अत्यन्तै आवश्यक रहेको दमकल बजेट विनियोजन गरेर स्थानीय तहले खरिद गर्दा ठूलो जन धनको क्षति हुनबाट रोकिने भए पनि शहरउन्मुख भएका पालिकाले समेत बजेट अभावमा खरिद गर्न सकिरहेका छैनन् ।

बागलुङमा चार नगरपालिका र छ गाउँपालिकामै दमकल पुग्न सक्ने सडक सञ्जाल पुगेको भए पनि जिल्ला सदरमूकामबाहेक अन्यत्र दमकलको पहुँच पुग्न सकेको छैन । पश्चिम क्षेत्रको ढोरपाटन अथवा गलकोट नगरपालिकाले दमकल व्यवस्थापन गर्दा अन्य पालिकालाई समेत समेट्न सकिने स्थानीयको भनाइ छ । आगलागीका घटनामा बागलुङ नगरपालिकाले अन्य स्थानीय तहहरुलाई समेत सहयोग गर्दै आएको नगरउपप्रमुख राजु खड्काले बताउनुभयो । खड्काले छिमेकी स्थानीय तह काठेखोला गाउँपालिका र जैमिनि नगरपालिकामा आगलागी हुँदा दमकल पठाउने गरिए पनि दूरीका हिसाबले टाढा रहेका पालिकामा आगलागी नियत्रणमा दमकल पठाउन कठिन रहेको बताउनुभयो ।

# हवाई दुर्घटनाको क्षति मूल्याङ्कन गर्न विदेशी टोली नेपालमा

**रासस**
**काठमाडौं, २ माघ**

आइतबार पोखरामा भएको यती एअरलाइन्सको विमान दुर्घटनाको क्षति मूल्याङ्कन गर्न बीमा सर्भेयर र कानून व्यवसायीहरूको टोली नेपाल आइपुगेको छ ।

क्षतिग्रस्त सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्नका लागि सर्भेयर टोली सिङ्गापुर र कानूनी व्यवसायीको टोली भारतबाट सोमबार काठमाडौँ आइपुगेको नेपाल बीमा प्राधिकरणका प्रवक्ता राजु रमण पौडेलले जानकारी दिनुभयो । बीमा दलाल (ब्रोकर) का रूपमा रहेको बेलायतको कम्पनीले सिङ्गापुरबाट सर्भेयर खटाएको उहाँको भनाइ छ । दुर्घटनामा परेका यात्रुको बीमा दाबी भुक्तानीका लागि कुनै समस्या नहुने पनि पौडेलले जानकारी दिनुभयो । 'बीमा गरेको कम्पनीले पनि अर्को कम्पनीमा पुनर्बीमा गरेको हुन्छ । पुनर्बीमाबाट पैसा आएपछि बीमा कम्पनीबाट भुक्तानी भइहाल्छ । मृतकको पोस्टमार्टम रिपोर्टका आधारमा बीमा रकम भुक्तानी हुन्छ', उहाँले भन्नुभयो । सोमबार सिंहदरबारमा बसेको राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले हवाई दुर्घटनामा परेका यात्रुका परिवारलाई बीमा भुक्तानीका सहजीकरण गर्न निर्देशन दिएको पनि प्रवक्ता पौडेलले जानकारी दिनुभयो । बीमा दाबी भुक्तानीबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले पनि चासो राखेको उहाँको भनाइ छ । 'राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले बीमा भुक्तानीबारे चासो राखेको थियो । बीमा रकम भुक्तानीका लागि पोस्टमार्टम रिपोर्ट चाहिने भएकाले पोखरा र काठमाडौँबाट रिपोर्ट लिन सकिने भनिएको छ । दाबी भुक्तानीमा समस्या नहुने जानकारी हामीले समितिलाई गराएका छौँ', प्रवक्ता पौडेलले भन्नुभयो । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार हवाइयात्रुको २० हजार अमेरिकी डलर बराबरको बीमा गरिएको हुन्छ । चालकदलका सदस्यको भने एअरलाइन्स कम्पनीअनुसार फरक-फरक हुने प्राधिकरणले जनाएको छ ।


# नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २३ घाँटीछिदामा सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम: घाँटीछिदा पखत खोरपाखा सडक**
**स्थान: पोखरा–२३, घाँटीछिदा, कास्की**
**योजना सम्झौता मिति : २०७९/०९/१३ गते**
**योजना सुरु भएको मिति : २०७९/०९/१४ गते**
**योजना सम्पन्न हुने मिति: २०७९/१२/३० गते**
**योजना सम्पन्न मिति: २०७९/१०/०२ गते**
**योजनाको कुल लागत : रु. ८,४४,१९०.६९ ।-**
**वडा कार्यालयबाट प्राप्त हुने रकम : रु.७,५०,००० ।-**
**जन सहभागितावाट : रु.९४,१९०.६९ ।-**
**उपभोक्ता समिति अध्यक्ष: विष्णु प्रसाद पौडेल**
**मो. ९८५६०१८४९९**
**जम्मा सदस्य संख्या: ७ जना**
**महिला सदस्य: ३ जना पुरुष सदस्य: ४ जना**

**घाँटीछिदा पखत खोरपाखा सडक उपभोक्ता समिति**
**पोखरा-२३, घाँटीछिदा**


# प्राथमिक स्वास्थ्य केन्द्रलाई उपकरण सहयोग

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २ माघ**

अन्तराष्ट्रिय सामाजिक संस्था लायन्स क्लबले म्याग्दीको मालिका गाउँपालिका-६ मा रहेको दरवाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई आइतबार रु ४२ लाख मूल्य बराबरको उपकरण उपलब्ध गराएको छ ।

लायन्स क्लब अफ म्याग्दी दरवाङको पहलमा लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक ३२५ ले लायन्स क्लब अन्तराष्ट्रियको फाउण्डेशनको कोषबाट उपकरण खरिद गरेर उपलब्ध गराएको हो । रु ४२ लाख मूल्य बराबरको उपकरण उपलब्ध गराइएको लायन्स क्लब अफ म्याग्दी दरवाङका अध्यक्ष थमन गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार ५०० एमए एक्सरे, कम्प्युटर रेडियोग्राफी सिस्टम एक थान, युएसजी र इलेक्ट्रोटोटल एनालाइजर मेसिन उपलब्ध गराएको हो । लायन्स क्लबका पदाधिकारीले गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जाली, मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजा, वडाध्यक्ष पथबहादुर रोका मार्फत केन्द्रका प्रमुख डाक्टर विजय शर्मालाई औजार हस्तान्तरण गर्नुभएको थियो ।

लायन्स क्लबका एरिया कोअर्डिनेटर राजन लम्साल, लिमिडाइट पास्ट मल्टीपल काउन्सिल अध्यक्ष मनबहादुर रोका र डिस्ट्रिक गर्भनर राम बसेलले उपकरण हस्तान्तरण गर्नुभएको थियो । प्राप्त उपकरणबाट बिरामीको उपचारमा सहज हुने अस्पतालका डाक्टर शर्माले बताउनुभयो । प्रदेशसभा सदस्य जुग्जालीले ग्रामीण क्षेत्रको प्राथमिक स्वास्थ्य केन्द्रलाई उपकरण सहयोग गरेकोमा क्लबलाई धन्यवाद दिँदै उपकरणको प्रयोग गरेर नागरिकलाई सहजरुपमा सर्वसुलभ सेवा उपलब्ध गराउन चिकित्सक तथा स्वास्थ्यकर्मीलाईआग्रहगर्नुभयो। मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले प्राथमिक उपचार केन्द्र दरवाङलाई स्तरोन्नति गरेर अस्पताल बनाउने तयारी भएको बताउनुभयो । क्लबले उपलब्ध गराएको उपकरण अस्पताल सञ्चालनका लागि सहयोगी हुने अध्यक्ष गर्बुजाले बताउनुभयो ।

# आँबुखैरेनी अस्पताललाई एक सय शैयामा बिस्तार गर्न पहल

**पोखरापत्र संवाददाता**
**दमौली, २ माघ**

तनहुँका आँबुखैरेनी गाउँपालिकामा सञ्चालित अस्पताललाई एक सय शयूया क्षमताको अस्पताल बनाउन पहल थालिएको छ ।

पन्ध्र शयूयाको अस्पताल सञ्चालन गरेको गाउँपालिकाले अब निकट भविष्यमै एक सय शयूया क्षमताको अस्पताल सञ्चालनको तयारी गरेको हो । गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले आँबुखैरेनी क्षेत्रमा एक सय शयूया क्षमताको अस्पताल अतिआवश्यक भइसकेको बताउनुभयो । आँबुखैरेनी तथा आसपासका जिल्लाका सर्वसाधारणलाई गाउँठाउँमै स्वास्थ्य सेवा दिन एक सय शयूया क्षमताको अस्पताल निर्माण गरिने चुमानले बताउनुभयो । त्यसका लागि सङ्घ र प्रदेश सरकारसँग सहकार्य गर्न आफूहरू तयार रहेको चुमानले उल्लेख गर्नुभयो । "पन्ध्र शयूयाको अस्पताल हामी आफैँ चलाइरहेका छौँ, एक सय शयूयाको अस्पताल प्रदेश र सङ्घीय सरकारको सहकार्यमा बनाउने लक्ष्य राखेका छौँ", चुमानले भन्नुभयो, "त्यसपछि आँबुखैरेनीमात्र नभई छिमेकी जिल्लाका सर्वसाधारण स्वास्थ्य सेवाका लागि अन्यत्र धाउनुपर्ने अवस्थाको अन्त्य हुन्छ ।" गाउँपालिकाले अस्पताल सञ्चालनका लागि आवश्यक बजेट विनियोजनका लागि सरकारको ध्यानाकर्षण गराइसकेको छ । "तीनवटै तहको सरकारको आवश्यक समन्वयबाट अस्पताल सञ्चालनका लागि सरकारको ध्यानाकर्षण गराएका छौँ", चुमानले भन्नुभयो ।

गाउँपालिकाले मङ्सिर १ देखि आँबुखैरेनी गाउँपालिका-३ मा सञ्चालन भइरहेको स्वास्थ्यचौकीलाई सेवा विस्तार गरी अस्पतालमा रुपान्तरण गरिसकेको छ । स्वास्थ्यचौकीलाई विस्तार गरी मेडिकल अधिकृतसहितको अस्पताल सञ्चालन गरिएको चुमानले बताउनुभयो । अस्पतालबाट इमर्जेन्सी, आधार भूत प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे, इसिजी, फार्मेसीलगायतका सेवा सुरु गरिएको छ । अस्पतालमा एक जना एमडिजीपी र दुई जना मेडिकल अधिकृतको व्यवस्था गरिएको छ । गाउँपालिकावासीलाई सहज र सरलरुपमा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले अस्पताल सञ्चालनमा ल्याइएको चुमानले बताउनुभयो । गाउँपालिकामा अस्पताल नहुँदा यहाँका सर्वसाधारण चितवन, दमौली, पोखरालगायतका ठाउँमा उपचार गर्न जानुपर्ने बाध्यता छ ।

गाउँपालिकाले ७० वर्षभन्दा माथिको ज्येष्ठ नागरिक र सुत्केरी हुँदा गर्भवती महिलालाई गाउँपालिकाको अस्पतालबाट निःशुल्क सेवा दिनेछ । "अस्पताल सञ्चालन भएपछि सामान्य उपचारका लागि बाहिर जानुपर्ने बाध्यताको अन्त्य हुनेछ, ज्येष्ठ नागरिक र गर्भवतीलाई निःशुल्क सेवा दिन्छौँ", चुमानले भन्नुभयो । गाउँपालिकाले केही समय अगाडि स्वास्थय मन्त्रालयसँग एक थान एक्सरे मेसिन, एक थान अल्ट्रासाउण्ड मेसिन, एक थान ग्रामीण अल्ट्रा साउण्ड मेसिन, एक थान डिजिटल एक्सरे मेसिन, पाँच थान क्यासेट, एक थान इसिजी मेसिन, पाँच थान डायलासिसका लागि आवश्यक पर्ने मेसिन, एक थान अटो एनालाइजर माग गरेको थियो । गाउँपालिकाले अस्पतालबाटै मिर्गौला बिरामीलाई डायलासिस सेवा दिने तयारी गरेको छ । हाल दमौली अस्पतालबाट मात्र डायलासिस सेवा उपलब्ध हुँदै आएको छ ।

# देवघाटमा पाँच लाख भक्तजन

**रासस**
**दमौली, २ माघ**

चितवन र नवलपुरको सङ्गमस्थल देवघाटधाममा पाँच लाख भन्दा बढी भक्तजनले माघेसङ्क्रान्ति मेला भरेका छन । प्रसिद्ध धार्मिक तीर्थस्थलमा आइतबार पाँच लाख भन्दा बढी भक्तजनले माघेसङ्क्रान्ति मेला भरेको देवघाट क्षेत्र विकास समिति तनहुँले जनाएको छ । मेला भर्नका लागि नेपालका विभिन्न जिल्लाका अतिरिक्त भारतबाट पनि भक्तालु देवघाट आएको क्षेत्र विकास समितिका अध्यक्ष बद्रीनाथ अधिकारीले जानकारी दिनुभयो । "माघेसङ्क्रान्ति मेला शान्तिपूर्ण रुपमा सम्पन्न भयो, कुनै अप्रिया घटना भएन," उहाँले भन्नुभयो, "हामीहरूले अनुमान गरेभन्दा पनि बढी भक्तजनको आगमन भयो ।"

क्षेत्र विकास समितिले पाँच लाख भक्तजनले मेला भर्ने अनुमान गरेको थियो । "शनिबारदेखि नै भक्तजनको आउने क्रम चल्यो, पाँच लाख भन्दा बढी भक्तजन आएको अनुमान छ," उहाँले भन्नुभयो । आइतबार दिउँसो १ बजेसम्म भक्तजनको आगमन बढ्दो रुपमा रहेको र ४ बजेपछि घट्दो क्रममा रहेको थियो ।

हरेक वर्ष पुसको अन्तिम दिन र माघ १ गते देवघाटमा माघे सङ्क्रान्ति मेला लाग्ने गर्दछ । मेलालाई व्यवस्थापन गर्न क्षेत्र विकास समितिले एक सय ५१ सदस्यीय मूल समिति र विभिन्न उपसमिति बनाएर मेला व्यवस्थापनको काम गरेको थियो । चितवनतर्फको देवघाट र तनहुँतर्फको वेणीमा स्नान गर्नका लागि सीमा तय गरेर डोरी टाँग्ने काम गरिएको थियो । स्नान गर्न आउनेहरू पानीमा डुब्न सक्ने भएकाले नेपाली सेना, सशस्त्र प्रहरीको उद्धार टिम र स्थानीय बोटे समुदायलाई तयारी अवस्थामा राखिएको थियो ।

खानेपानी, यातायात, पार्किङ, शौचालय लगायतलाई व्यवस्थित गर्न विभिन्न उपसमिति बनाईएको थियो । यसपटक चितवनबाट देवघाट जाने झोलुङ्गे पुलमा एक पटकमा एक सय जनाभन्दा बढीलाई जान नदिने गरी सुरक्षाकर्मी राखिएको थियो । दासढुङ्गामा पक्की पुल भएकाले देवघाटको वेणीमा स्नान र दर्शन गर्न चाहनेलाई सोही पुल प्रयोग गर्न लगाइएको थियो । नदीबाट नै वारपार गर्न चाहनेहरूका लागि ३५ वटा डुङ्गाको व्यवस्था गरिएको थियो ।

माघे सङ्क्रान्तिमा देवघाटमा हुने मेला नेपालकै सबैभन्दा ठूलो र प्रसिद्ध मानिन्छ । गोसाइँकुण्डबाट बगेको त्रिशुली र दामोदरकुण्डबाट बगेको कालीगण्डकीको सङ्गम देवघाटको वेणीमा स्नान गर्नाले पुण्य प्राप्त हुने विश्वास छ ।

# दिउँसोको टिकट बिहान सारेका थिए त्रिभुवनले

–जमुना वर्षा शर्मा
पोखरा, २ माघ (रासस)


प्रेस सेन्टर पदाधिकारीको बैठकमा सहभागी हुन पोखराका पत्रकार त्रिभुवन पौडेल शुक्रबार काठमाडौँ जानुभएको थियो । पदाधिकारीको बैठक सकेर आइतबार उहाँले प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई भेट्ने कार्यक्रम थियो ।

प्रधानमन्त्रीको व्यस्तताका कारण उहाँलाई आइतबार बिहान भेट्न सम्भव नभएपछि पौडेलले आफ्नो दिउँसो २ बजेको टिकट बिहान सारेर पोखराका लागि उड्नुभएको थियो ।

“आइतबार बिहान प्रधानमन्त्रीसँगको भेट सम्भव नभएपछि सम्भवः माघे सङ्क्रान्तिमा परिवारसँग मनाउने योजनापछि उहाँले दिउँसोको टिकट बिहान सारेको हुनसक्छ”, पत्रकार महासङ्घ कास्कीका पूर्वअध्यक्ष रामकृष्ण ज्ञवालीले भन्नुभयो । पत्रकार पौडेल बिहानको उडानबाट घर आउने जानकारी श्रीमती प्रतिभालाई पनि थिएन । “आइतबार बिहान काठमाडौँबाट ‘गुड मर्निङ बुढी’ भन्दै म्यासेजको रिप्लाइ आएको रहेछ”, बहिनीलाई सम्हालिरहनुभएकी पौडेलकी दिदीसासू अजिता अधिकारीले भन्नुभयो, “सम्भवतः हतारमा बिहान आउँदैछु भन्ने खबर गर्न नपाएको हुनसक्छ ।”

यतिसम्म कि बिहान ११ बजेर १५ मिनेटतिर पोखरामा यती एयरलाइन्सको विमान दुर्घटना भएको खबर पाउँदा पनि प्रतिभालाई आफ्नो श्रीमान् पनि त्यही विमानमा हुनुहुन्थ्यो भन्ने हेक्का थिएन । दिउँसोको टिकट काट्नुभएको भन्दै उहाँ श्रीमान् विमानमा नभएको भन्दै मन भुलाउने प्रयासमा हुनुहुन्थ्यो ।

सामाजिक सञ्जालमा सार्वजनिक यात्रुको सूचीमा श्रीमान्को नाम देखेपछि भने उहाँको मनको शङ्का बढ्दै गएको थियो । जब पटकपटकको प्रयासमा पनि फोन सम्पर्क हुन नसकेपछि भने शङ्का यथार्थमा बदलिदियो । दुर्घटनापछि श्रीमान् खोज्दै अस्पताल पुग्नुभएकी उहाँ बेहोस भएपछि पश्चिमाञ्चल



क्षेत्रीय अस्पतालको आकस्मिक कक्षमा उपचार गर्न लैजानु परेको थियो । आइतबार साँझ ६.३० बजेसम्म उहाँलाई अस्पतालबाट घर फर्काइसकिएको थियो । कोठाका भित्ताभरी टाँगिएका श्रीमान्का तस्बिर हेर्दै उहाँ एकोहोरो रोइरहनुभएको थियो । टेबुलमाथिको पोखरा मिडिया कपको ब्राण्ड एम्बेसडर लेखिएको फुटबल समातेर मुस्कुराइरहेका श्रीमान्को तस्बिरलाई हेरेर उहाँ निकैबेर रुनुभयो ।

“कस्तो मान्छे होला, अहिलेसम्म नआउने, बिरामी हुँदा त आउनुपर्छ नी, म कुरेर बसेको पनि कस्तो थाहा नपाएको ?” श्रीमान्को तस्बिरसँग उहाँले गुनासो गर्नुभयो । उहाँको ती शब्दले वरिपरि बसिरहेका आफन्त शुभचिन्तकको आँखा रसाइरहेको थियो । “ज्वाइँ काठमाडौँमै भएकाले माघको ५/६ गतेतिर श्रीमतीलाई उतै बोलाउने भन्ने पनि कुरा भएको रहेछ”, पत्रकार पौडेलकी दिदीसासू अधिकारीले भन्नुभयो, “माघ ९ गतेको ‘एनिभर्सरी’ उतै मनाउने योजना उहाँहरुको थियो ।” आइतबार साँझसम्म घरमा मानिसको भिड लागिसकेको थियो । तल्लो तलामा श्रीमती र माथिल्लो तलामा आमालाई सम्झाउनेलाई सम्हाल्न गाह्रो भइरहेको थियो । “मलाई त काठमाडौँ गएको भन्ने पनि थाहा थिएन, म जाने बेलामा अघि लागेर आफैँ गयो”, रुँदै गरेकी पौडेलकी आमाले भन्नुभयो, “कतै जाँदा सधैँभरी खबर गर्ने छोराले खोइ किन हो तर यसपाली गरेन ।”

सानै उमेरदेखि पत्रकारितामा होमिनुभएका पौडेल सानैदेखि मिहेनती हुनुहुन्थ्यो । पोखराका अग्रज पत्रकार प्रेस स्वतन्त्रता सेनानी बद्री विनोद खनाल (प्रतीक)का अनुसार पौडेलले १५/१६ वर्षको उमेरदेखि नै पत्रकारिता सुरु गर्नुभएको थियो ।

“मैले जनप्रियमा ७ कक्षादेखि १० कक्षासम्म पढाएँ, निकै टाठो र मेहनती थियो”, उहाँले भन्नुभयो, “माओवादीप्रति झुकाव राख्ने भएकाले सेना र प्रहरीको निगरानी थियो । मैले हटलाइनमा ल्याएर पत्रकारिता सिकाएको हुँ । त्यसअघि स्वाभिमान पत्रिकामा वितरक भएर काम गरेका थिएँ ।”

छोटो समयमा निकै प्रगति गरी आफूलाई स्थापित गर्न सफल पत्रकार पौडेल सबैलाई सहयोग गर्ने स्वभावको भएको उहाँले बताउनुभयो । आफूलाई पनि बेलाबेला फोन गर्ने, स्वास्थ्य अवस्था बुझिरहने, भेट्न आउने गरेको उहाँले स्मरण गर्नुभयो । घटनाले आफूलाई निकै मर्माहत बनाएका साथै पत्रकारिता जगतमै अपूरणीय क्षति भएको उहाँको भनाइ छ ।

उमेरले ३७ वर्ष पुग्नुभएका पौडेल नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य, नेपाल पत्रकार महासङ्घ गण्डकीका संस्थापक अध्यक्ष, महासङ्घ कास्कीका पूर्वउपाध्यक्ष एवं प्रेस सेन्टर नेपालका केन्द्रीय उपाध्यक्षसमेत भइसक्नुभएको थियो । पौडेल तत्कालीन अर्थमन्त्री कृष्णबहादुर महराको प्रेस संयोजकका रुपमा समेत काम गर्नुभएको थियो । विसं २०७५ मा विवाह गर्नुभएका पौडेलकी एक छोरा पनि हुनुहुन्छ । पोखराबाट प्रकाशित हुने हटलाइन राष्ट्रिय दैनिकको सञ्चालकसमेत रहनुभएका पौडेल रेडियो अन्नपूर्ण, नेपाल टेलिभिजन, हिमाल खबर पत्रिकालगायतका सञ्चारमाध्यममा काम गर्नुभएको थियो ।

स्वर्गीय पौडेलको शव पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा राखिएको छ । उहाँको सम्झनामा नेपाल पत्रकार महासङ्घ, नेपाल पत्रकार महासङ्घ गण्डकी, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, प्रेस युनियन, प्रेस चौतारीलगायतका विभिन्न सङ्घसंस्थाले शोक वक्तव्य जारी गर्दै परिवारजनमा हार्दिक समावेदना व्यक्त गरेका छन् ।

पौडेलको पार्थिव शरीरलाई आजै पत्रकार महासङ्घ कास्कीको कार्यालयमा ल्याएर श्रद्धाञ्जली अर्पणको कार्यक्रम रहेका पत्रकार महासङ्घ कास्कीका अध्यक्ष विमला भण्डारीले जानकारी दिनुभयो ।




जिल्लाको म्याग्दे गाउँपालिका-७ स्थित हर्षपुर ज्योति क्लबले आयोजना गरेको शुद्ध गाँउ तथा वडा भलिबल प्रतियोगितामा प्रतिस्पर्धा गर्दै खेलाडीहरु । ‘खेल राष्ट्रको पहिचान, पर्यटन प्रवर्धन हाम्रो अभियान’ भन्ने मूल नाराका साथ क्लबको २७औं स्थापना दिवस तथा माघेसक्रान्तिको अवसरमा आयोजित प्रतियोगितामा सोह्र टीमको सहभागी थिए । तस्बीर : सानेबहादुर नेपाली /रासस

# दरौंखोला सामिप्य समाज पोखराको अध्यक्षमा बोधराज

पोखरापत्र संवाददाता
पोखरा, २ माघ

दरौंखोला सामिप्य समाज पोखराको हालै भएको दोस्रो अधिवशन तथा पाँचौं साधारण सभाले बोधराज गौतमलाइ सर्वसम्मत रुपमा अध्यक्षमा चयन गरेको छ । समाजको उपाध्यक्षमा गंगाराम पौडेल, सचिव नम रोका, सहसचिव वीनिता घिमिरे र कोषाध्यक्षमा रामबहादुर क्षेत्री चयन भएका छन् ।

सदस्यहरुमा क्रमश मीना अधिकारी, छविलाल जिसी, झक रोका, मञ्जु कार्की, मीनप्रसाद तिवारी र सोवित रोका छन् । जनसम्पर्क समितिको संयोजक क्याप्टेन मीनबहादुर कार्की, सहसंयोजक डिल्लीराम




घिमिरे, सचिवालय संयोजकमा शोभित खड्का, दिदीबहिनी क्वालिटी सर्कल संयोजकमा मीना अधिकारी, सहसंयोजक मञ्जु कार्की, लेखा समिति संयोजकमा शिव अर्याल, सहसंयोजक कमल अर्याल, भजन कीर्तन संयोजकमा नारायणदत्त अर्याल चुनिए ।

संस्थाका अध्यक्ष शोभित खड्काको अध्यक्षतामा भएको कार्यक्रममा संरक्षक घनश्याम रिजाललेसमाजको बहुउद्देश्यीय भवन निर्माणका लागि सहकार्य गर्न आग्रह गरे । सभामा प्राडा कृष्ण कोइराला,बाल प्रभात बोर्डिङ स्कुल र लेखा संयोजक शिव अर्याललाई सम्मान गरिएको छ ।

संस्थाका संरक्षक रामेश्वर अर्याललाई संरक्षकको प्रमाणपत्र प्रदान गरियो । कार्यक्रमको पहिलो सत्रमा युवाको तर्फबाट बालकृष्ण घिमिरे, सल्लाहकार होतबहादुर रोका, संरक्षक रामेश्वर अर्याल, अनुजा गौतम, उपाध्यक्ष बोधराज गौतम र सचिव डोलराज अर्यालले बोलेका थिए ।

# एकै परिवारका चारको मृत्यु : चौरासी पूजामा रमाउने धोको पूरा भएन

रासस
पर्वत, २ माघ

पर्वतको विहादी गाउँपालिका वडा नं ५ की ६३ वर्षीया जमुना शर्मा विगत तीन महिनादेखि काठमाडौँमा छोरासँग बस्दै आउनुभएको थियो ।

यही माघ ४ गते माइती गाउँ विहादी वडा नं ४ को वानीपोखरामा बाबुआमाको चौरासी पूजामा सरिक हुनका लागि छोरा युवराजसहित नाति र नातिनीसँग उहाँ पोखरा फर्कँदै हुनुहुन्थ्यो । बाबाको जन्मघर, गाउँ घुम्न जान पाउँदा दुवै छोराकै खुसी देखिन्थ्ये ।

तर उनीहरुको खुसी विमानवाट झर्न नपाउँदै बिलय हुनपुग्यो । आइतबार काठमाडौँबाट पोखरा जाँदै गरेको यती एयरलाइन्सको विमान दुर्घटनामा परी ६३ वर्षीया जमुना शर्मा, उहाँको छोरा ४० वर्षीय युवराज शर्मा, नातिनी १३ वर्षीया आयुर्दी शर्मा र नाति चार वर्षीय बेवीन शर्माको निधन भएको छ । लामो समयदेखी गाउँ नआएका छोरा र नाति नातिनीसँग गाउँ फर्किंदा जमुना खुसी त हुनुहुन्थ्यो नै साथै उहाँले माइतीमा आफ्ना आमाबुवाको चौरासी पूजामा समेत जाने योजना बनाउनुभएको थियो । तर विमान दुर्घटनासँगै उहाँको सपना पनि अस्ताएको छ । जमुना आधा समय काठमाडौँ छोरासँग र आधा समय गाउँमा नै बस्ने गर्नुहुन्थ्यो ।

छोरा अन्तर्राष्ट्रिय एकीकृत विकास केन्द्र (इसिमोड)मा आइटी अधिकृतका रुपमा कार्यरत हुनुहुन्थ्यो भने बुहारी सरु शर्मा त्रिभुवन विमानस्थलमा टावर कन्ट्रोलर अफिसरका रुपमा कार्यरत रहनुभएको उहाँका आफन्त विहादी गाउँपालिकाकी उपाध्यक्ष मिना तिवारीले जानकारी दिनुभयो । आफैँले टिकट काटेर श्रीमान्, छोरा, छोरी र सासूआमालाई घर पठाउनुभएकी सरुले आफूलाई सम्हाल्न नसकेर विक्षिप्त हुनुभएको छ । उहाँ यतिबेला अस्पतालमा भर्ना हुनुभएको छ । एकै परिवारका चार जनाको निधन भएपछि अहिले पूरै गाउँ शोकमा डुबेको छ । गाउँमा रहेका आफन्त शव पहिचान गरी अन्त्येष्टिका लागि पोखरातर्फ लागेका छन् ।

विमान दुर्घटनामा परी पर्वतमा १० जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा शर्मा परिवारका चार जना, पर्वतको कुश्मा नगरपालिका वडा नं १४ आर्थर डाँडाखर्कका पत्रकार त्रिभुवन पौडेल, कुश्मा नगरपालिका वडा नं ९ का अरुण पौडेल र उहाँको छोरी ११ वर्षीया प्रसिद्धि पौडेल, कुश्मा नगरपालिका वडा नं १ पाङ्की रचना काफ्ले र उहाँका १० महिने छोरा रिहान पौडेल, मोदी गाउँपालिका वडा नं १ भुकताङ्लेका विजय गुरुङ रहनुभएको छ ।

# पोखरा विमान दुर्घटना : शोकमा डुब्यो पर्वत

पोखरापत्र संवाददाता
पर्वत, २ माघ

आइतबार पोखरामा भएको यति एयरलाइन्सको विमान दुर्घटनामा परी पर्वतका १० जनाको ज्यान गएको पुष्टि भएको छ ।

मृतक सबैको सनाखतसमेत भइसकेको छ । दुर्घटनामा परी कुश्मा नगरपालिका-१४ आर्थर डाँढाखर्कका नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य त्रिभुवन पौडेल, कुश्मा -९ का अरुण पौडेल र उहाँकै छोरी ११ वर्षीया प्रसिद्धी पौडेल, कुश्मा-१ पाङकी रचना काफ्ले र उहाँका १० महिने छोरा रिहान पौडेलको ज्यान गएको हो । त्यसैगरी मोदी गाउँपालिका-१ भुकताङ्लेका विजय गुरुङ, विहादी -५ उराम पोखराका एकै परिवारका जमुना शर्मा, युवराज शर्मा, आयुर्दी शर्मा र वेबी शर्मा रहनुभएका छ । शर्मा परिवारमा आमा, छोरा, नाती र नातिनी एउटै विमान दुर्घनामा परेर अकल्पनीय निधन भएको हो । उनीहरू यही माघ ४ गते आफन्तको घरमा रहेको पूजामा निम्ता मान्न आएका थिए । दुर्घटनामा ज्यान गुमाउने कुश्मा -९ कटुवाचौपारीका ४६ वर्षका अरुण पौडेल र उनकी छोरी वर्ष ११ कि प्रसिद्धी पौडेल विद्यालय बिदा भएपछि आफन्तलाई भेटघाट गर्नका लागि आउँदै गरेको बुझिएको छ ।

काठमाडौँको बृहस्पति विद्याश्रममा कक्षा ५ मा पढ्ने प्रसिद्धी जन्मघर पर्वत आउने क्रममा उनीहरू दुर्घटनामा परेका हुन् । “छोरीको स्कुल बिदा पनि भएकाले दाजुभाइ भेटौँ भनेर जन्मघर आउन लाग्नुभएको रहेछ”, अरुणका छिमेकी उपेन्द्र अधिकारीले भन्नुभयो, “उहाँहरूलाई लिन भाइ (अरुणका भाइ केशव) विमानस्थलमै पुग्नुभएको थियो ।” केशवले नै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गएर अरुण र प्रसिद्धीको शवको पहिचान गर्नुभएको थियो । पौडेल गत मङ्सिर ४ गते भएको प्रतिनिधिसभा चुनावमा पर्वतबाट स्वतन्त्र उम्मेदवार बन्नुभएको थियो । दुर्घटनामा परी ज्यान गुमाएका पर्वतका सबैको पहिचान भएकाले आज आफन्तलाई शव बुझाइने कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले जानकारी दिनुभयो ।

# संस्थागत स्वमूल्याङ्कनमा व्यास

पोखरापत्र संवाददाता
तनहुँ, २ माघ

स्थानीय तह संस्थागत स्वमूल्याङ्कनमा व्यास नगरपालिकाले ८७ दशमलव पाँच प्रतिशत प्राप्त गरेको छ ।

विभिन्न सूचकका आधारमा नगरपालिकाले उक्त प्रतिशत प्राप्त गरेको हो । आर्थिक वर्ष २०७८/७९ मा सम्पादित कार्यक्रमलाई आधारमानी उक्त मूल्याङ्कन गरिएको हो । गत आर्थिक वर्ष २०७८/७९ मा नगरपालिकाले ८९ प्रतिशत प्राप्त गरेको थियो । नगरपालिकाले समग्र स्थितिमा ९० दशमलव ४८, प्रक्रियागत स्थितिमा ८५ दशमलव २९ र परिमाणात्मक स्थितिमा ८७ दशमलव ७८ प्रतिशत प्राप्त गरेको प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले जानकारी दिनुभयो ।

त्यस्तै भौतिक पूर्वाधारमा ८० दशमलव ७७, सामाजिक समावेशीकरणमा ८५, सहकार्य र समन्वयमा ३३, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा ८८ दशमलव ८९ प्रतिशत प्राप्त गरेको छ । शासकीय प्रबन्धमा ९४ दशमलव ४४, वित्तीय एवं आर्थिक व्यवस्थापनमा १००, सङ्गठन तथा प्रशासनमा ८७ दशमलव पाँच, सेवा प्रवाहमा ९३ दशमलव ७५, न्यायिक कार्य सम्पादनमा १०० र वार्षिक बजेट तथा योजना व्यवस्थापनमा ९० दशमलव ९१ प्रतिशत प्राप्त गरेको नगरपालिकाले जनाएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन स्थानीय तहहरूको संस्थागत क्षमता मूल्याङ्कनका लागि दश विषय क्षेत्रमा तीन स्थिति विभाजन गरी उक्त नतिजा सार्वजनिक गर्ने गर्छ । स्थानीय तहको कार्यप्रक्रिया र उपलब्धिको बारेमा लेखाजोखा गरी सबल र दुर्वल पक्षको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरूको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाको बीचमा तुलनायोग्य सूचक तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनका लागि मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि बनाएको थियो । मन्त्रालयको कार्यविधिअनुसार शासकीय प्रबन्धतर्फ नौ, सङ्घठन तथा प्रशासनतर्फ आठ, वार्षिक बजेट तथा योजना व्यवस्थापनतर्फ ११, वित्तीय एवं आर्थिक व्यवस्थापन ११, सेवा प्रवाहतर्फ १६, न्यायिक कार्य सम्पादनतर्फ सात, भौतिक पूर्वाधारतर्फ सात, सामाजिक समावेशीकरणतर्फ १०, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनतर्फ नौ र सहकार्य र समन्वयतर्फ छ कूल भार निर्धारण गरिएको छ ।

# सेतीको खोँचमा माछा मारिरहेका आले भन्छन्- बेलाबेलामा झस्कन्छु

पोखरापत्र संवाददाता
पोखरा, २ माघ

आइतबार विहान यती एयरलायन्सको जहाज खसेको पोखराको सेतीकै खोँच नजिक छ नागार्जुन टोल । त्यही टोलमा बस्नुहुन्छ कुमार आले । तनहुँको बन्दीपुरमा जन्मनुभएका उहाँ परिवारसहित १० वर्षदेखि यही टोलमा बस्दै आउनुभएको छ ।

स्थानीय ब्लक फ्याक्ट्रीमा काम गर्ने आले समय-समयमा माछा मार्न सेती नदीको किनारमा जाने गर्नुहुन्छ । संयोगवश आइतबार पनि विहानै उहाँ सेतीको खोँच झर्नुभयो । दुर्भाग्य, त्यहीँ माछा मार्ने क्रममा आइतबार विहान उहाँले जीवनमा कहिल्यै नदेखेको त्रासदी देख्नु र भोग्नुभयो । एकसुरमा जालमा माछा पार्ने प्रयन्त गरिरहनुभएका आलेले सेती सुसाएको जस्तो सुन्नुभयो । ठूलो आवाजसँगै माछा मारिरहेकै ठाउँमा ढुङ्गा झर्न थाले । सुसाएको आवाज ठूलै हावाहुरी आएको जस्तो सुनिएको आलेले सुनाउनुभयो ।“ढुङ्गा झर्न थालेसँगै मेरो त होसहवास नै उड्यो, के भयो भनेर निकै अत्तालिएँ”, उहाँले भन्नुभयो, “खोँचबाट माथि कसरी आइपुगे आफैँलाई थाहा छैन, अहिले सम्झँदा कहाली लागेर आउँछ ।” माथि आइसकेपछि मात्रै जहाज दुर्घटना भएको थाहा पाएको उहाँले सुनाउनुभयो ।

सेती खोँचमा आफू मात्रै नभइ अरु चार जनाले पनिमाछा मारिरहेको आफूले पछि मात्रै थाहा पाएको बताउनुभयो । “यति ठूलो दुर्घटना हुँदा नदीकै खोँचमै रहेको म भाग्यले बाँचेको जस्तो लाग्छ, अहिले पनि सम्झँदा डर लाग्छ”, उहाँले सुनाउनुभयो, “परिवारका सदस्य पनि उत्तिकै डराएका छन् ।” जहाज ठोक्किएपछि खोँचमा खसेका ढुङ्गा शरीरमा लाग्दा करङ्गमा चोट लागेको छ भने शरीरका अन्य भागमा पनि चोट लागेको उहाँले सुनाउनुभयो ।